# नेपालगञ्ज राजपत्र

नेपालगञ्ज उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड (९) सङ्ख्या (१) नेपालगञ्ज, २०८३ आषाढ २९ गते

## भाग १

# नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक ऐन, २०८३

नगर सभाबाट स्वीकृत मितिः २०८३/०३/२७

प्रस्तावनाः नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने, जरिवाना तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रमा २०८३ श्रावण १ गते देखि लागू हुनेछ ।

**२. सम्पत्ति करः**

(१) नेपालगञ्ज उपमहानगरपालिकाको सम्पूर्ण वडा क्षेत्र भित्र अनुसूची - १ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

(२) जग्गाको दर भूमि प्रशासन कार्यालयबाट रजिष्ट्रेशन पारित गर्ने प्रयोजनका लागि उक्त आर्थिक वर्षमा कायम भएको न्यूनतम मूल्याङ्कन दरलाई आधार मानिनेछ ।

(३) काँचो ईट्टा वा माटोको गारो वा बाँस वा काठको टाँटी भै फुस, छवाली, खर, पराल र साधारण टिनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन ।तर उक्त कार्यको लागि नक्सा पास गराएर मात्र निर्माण गर्न सकिनेछ ।

(४) चालु आर्थिक वर्षको सम्पत्ति कर नबुझाएमा अर्को आर्थिक वर्षमा एक वर्षको बक्यौता भए दस प्रतिशत र एक आर्थिक वर्ष भन्दा बढी भएमा पच्चीस प्रतिशतका दरले जरिवाना लाग्नेछ ।

(५) करदाताले पेश गरेको विवरण झुटा ठहरिए मूल्याङ्कित कर रकमको एकसय प्रतिशत जरिवाना लिई असुल गरिनेछ।

(६) सम्पत्ति कर बुझाउन बाँकी रहेका करदातालाई उपमहानगरपालिकाले उपलव्ध गराउने सेवा, सुविधा, सिफारिस रोक्का राखी असुल उपर गर्नेछ ।

(७) मालपोत, बहाल बिटौरी लगायतका कर बक्यौता भए सम्पत्ति कर असुल्दाका बखत असुल गर्नु पर्नेछ।

(८) व्यवसाय कर, बहाल कर बुझाउँदा सम्पत्ति कर नबुझाएको भए सो समेत असुल गर्नु पर्नेछ।

(९) करदाताको सम्पत्ति मूल्याङ्कन क्षेत्र फरक वा घटबढ भएमा उपमहानगरपालिकाले उपलब्ध गराएको नमूना बमोजिमको फाराम भरी करदाता स्वयमले पेश गर्नुपर्नेछ ।

(१०) सम्पत्ति कर सङ्कलन गर्दा देहायबमोजिम निकायहरुको सम्पत्तिमा कर लगाईने छैन:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा भएको घर र घरजग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, मस्जिद, चर्च आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।

(११) विदेश जाने प्रयोजनको लागि करदाताले चलन चल्तीको रेटमा मूल्याङ्कन गर्न चाहेमा स्थलगत अध्ययन गरी चलन चल्तीको मूल्य अनुसार मूल्याङ्कन गरी कर लिनुपर्नेछ ।

(१२) उपमहानगरपालिकाले उपलब्ध गराएको सेवा वापत सेवा शुल्कको रुपमा सम्पत्ति करको दस प्रतिशत र सार्वजनिक सेवा सुविधा उपलब्ध गराए वापत पाँच प्रतिशत समेत गरी सम्पत्ति करमा पन्ध्र प्रतिशत थप गरी सेवा शुल्क लिईने छ ।

**३. भूमि (मालपोत) करः** (१) उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची- २ बमोजिम मालपोतको बक्यौता रकम भूमि करको रुपमा असूल उपर गरिनेछ ।

(२) तर दफा २ बमोजिम असुल गरिने सम्पत्ति करमा २०७६ साल श्रावण १ गतेदेखि दोहोरो हुने गरी भूमिकर (मालपोत) सङ्कलन गरिने छैन।

**४. घरजग्गा बहाल करः** (१) उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको भए स्वीकृत मापदण्ड र न्यूनतम दररेट अनुसूची -३ बमोजिम बहाल रकमको दस प्रतिशत घरजग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

**५. व्यबसाय करः** उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सबै प्रकारका व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा स्थापना भएका संस्थाहरुले "व्यवसाय कर (दर्ता नविकरण) सम्बन्धी कार्यबिधि २०८२" बमोजिम दर्ता गर्नुपर्नेछ ।

(१) उपमहानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असुल गरिनेछ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरेवापत अनुसूची - ५ बमोजिमको कर लगाइने र असुल गरिनेछ ।

**७. सवारी साधन करः** नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रभित्र संचालन हुने साना सवारी साधनमा अनुसूची - ६ बमोजिम सवारी साधन कर लगाइने र असुल गरिनेछ ।

**८. विज्ञापन करः** उपमहानगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची - ७ बमोजिम विज्ञापन कर लगाइने र असुल गरिनेछ।

**९. मनोरञ्जन करः** उपमहानगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय कार्यक्रम र सेवामा अनुसूची - ८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ

**१०. बहाल बिटौरी शुल्कः** उपमहानगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची - ९ मा उल्लेख भए अनुसारका जग्गा, घर, भवन, हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल गरिनेछ ।

**११. पार्किङ शुल्कः** उपमहानगरपालिका क्षेत्रभित्र विभिन्न सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची - १० बमोजिम पार्किङ शुल्क लगाइने र असुल गरिनेछ।

१२. **ट्रेकिङ्ग र बोटिङ शुल्कः** उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्गबोटिङ सेवा वा व्यवसाय संचालन गरे गराए वापत अनुसूची-११ बमोजिमको शुल्क लगाइने र असुल गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** उपमहानगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची - १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार सेवा शुल्क,दस्तुर लगाइने र असुल गरिनेछ ।

१४. **पर्यटन शुल्कः**उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची -१३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल गरिनेछ।

१५. यस ऐनमा उल्लेख नभएका वा र अन्य विषयमा नगरकार्यपालिकाले आगामी नगरसभाबाट पारित गराउने गरि औचित्य र आवश्यकता हेरी प्रचलित कानुन विपरीत नहुने गरी स्थानीय राजस्व परामर्श समितिको सिफारिशमा स्थानीय कर, शुल्क, दस्तुर निर्धारण गरी असुल गर्न सक्नेछ।

१६. **कर छुटः** यस ऐन बमोजिमको प्रावधानमा उल्लेख भएवमोजिम कर छुट दिएकोमा बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कानूनमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनैपनि किसिमको करछुट दिईनेछैन।

१७. **कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम अनुसार हुनेछ।

१८. **खारेजी र बचाउ**

१) नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक ऐन, २०८२ खारेज गरिएको छ।

२) नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची - १

क) सम्पत्ति करको दर

| कर योग्य सम्पत्ति मूल्याङ्कन (रू.) | करको दर (रू.) | जम्मा सम्पत्ति मूल्याङ्कन (रू.) | जम्मा कर (रू.) | कैफियत |
|---|---|---|---|---|
| पहिलो २ लाख सम्म | २१।- | २ लाख | २१।- | |
| त्यसपछिको ३ लाखसम्म | ६४।- | ५ लाख | ८५।- | |
| त्यसपछिको ५ लाखसम्म | ८५।- | १० लाख | १७०।- | |
| **१० लाख १ देखि ५० लाख सम्म** | | | | |
| त्यसपछिको २ लाखसम्म | ४३।- | १२ लाख | २१३।- | |
| त्यसपछिको २ लाखसम्म | २१।- | १४ लाख | २३४।- | |
| त्यसपछिको २ लाखसम्म | २१।- | १६ लाख | २५५।- | |
| त्यसपछिको २ लाखसम्म | ४३।- | १८ लाख | २९८।- | |
| त्यसपछिको २ लाखसम्म | ४२।- | २० लाख | ३४०।- | |
| त्यसपछिको २ लाखसम्म | ८५।- | २२ लाख | ४२५।- | |
| त्यसपछिको २ लाखसम्म | ८५।- | २४ लाख | ५१०।- | |
| त्यसपछिको २ लाखसम्म | ८५।- | २६ लाख | ५९५।- | |
| त्यसपछिको २ लाखसम्म | १२८।- | २८ लाख | ७२३।- | |
| त्यसपछिको २ लाखसम्म | १२७।- | ३० लाख | ८५०।- | |
| त्यसपछिको ४ लाखसम्म | १७०।- | ३४ लाख | १०२०।- | |
| त्यसपछिको ४ लाखसम्म | ३४०।- | ३८ लाख | १३६०।- | |
| त्यसपछिको ४ लाखसम्म | ३४०।- | ४२ लाख | १७००।- | |
| त्यसपछिको ४ लाखसम्म | ४२५।- | ४६ लाख | २१२५।- | |
| त्यसपछिको ४ लाखसम्म | ४२५।- | ५० लाख | २५५०।- | |

| **५० लाख १ देखि १ करोड सम्म** | | | | |
|---|---|---|---|---|
| त्यसपछिको १० लाखसम्म | ४२५।- | ६० लाख | २९७५।- | |
| त्यसपछिको १० लाखसम्म | ८५०।- | ७० लाख | ३८२५।- | |
| त्यसपछिको १० लाखसम्म | ८५०।- | ८० लाख | ४६७५।- | |
| त्यसपछिको १० लाखसम्म | ८५०।- | ९०लाख | ५५२५।- | |
| त्यसपछिको १० लाखसम्म | ८५०।- | १ करोड | ६३७५।- | |

| **१ करोड १ देखि २ करोड सम्म** | | | | |
|---|---|---|---|---|
| त्यसपछिको २० लाख सम्म | १२७५।- | १ करोड २० लाख | ७६५०।- | |
| त्यसपछिको २० लाख सम्म | १२७५।- | १ करोड ४० लाख | ८९२५।- | |
| त्यसपछिको २० लाख सम्म | १२७५।- | १ करोड ६० लाख | १०२००।- | |
| त्यसपछिको २० लाख सम्म | १२७५।- | १ करोड ८० लाख | ११४७५।- | |
| त्यसपछिको २० लाख सम्म | १२७५।- | २ करोड | १२७५०।- | |
| **२ करोड १ देखि ५ करोड सम्म** | | | | |
| त्यसपछिको ५० लाखसम्म | २५५०।- | २ करोड ५० लाख | १५३००।- | |
| त्यसपछिको ५० लाखसम्म | २५५०।- | ३ करोड | १७८५०।- | |
| त्यसपछिको ५० लाखसम्म | २५५०।- | ३ करोड ५० लाख | २०४००।- | |
| त्यसपछिको ५० लाखसम्म | २५५०।- | ४ करोड सम्म | २२९५०।- | |
| त्यसपछिको ५० लाखसम्म | २५५०।- | ४ करोड ५० लाख | २५५००।- | |
| त्यसपछिको ५० लाखसम्म | २५५०। | ५ करोड | २८०५०।- | |
| त्यसपछि माथि जतिसुकै भएपनि ५ करोड रुपैया) (भन्दा माथि | थप रू. ०.८५।- प्रति हजार | | | |

ख) सम्पत्ति करका लागि भौतिक संरचनाको मुल्यांकन निम्नानुसार कायम गर्ने।

| सि.नं. | भौतिक संरचनाको मूल्याकंन दर निम्न अनुसार कायम गर्ने | प्रति वर्ग फुट (रू.) |
|---|---|---|
| १. | आर.सि.सि./स्टिल फ्रेम स्ट्रक्चरबाट बनेको | ६५०।- |
| २. | सिमेन्ट जोडाईमा ईटा वा ढुंगाको गारो आरसिसी र आरबीसी छाना | ६००।- |
| ३ | माटो जोडाईमा ईटा वा ढुगाँको गारो - आरसिसी र आरबीसी छाना | ५५०।- |
| ४ | सिमेन्ट जोडाईमा ईट्टा वा ढुंगाको — जस्ता र एस्वेस्टसको छाना | ४७५।- |
| ५ | मटोको जोडाईमा ईट्टा वा ढुंगाको गारो — जस्ता र एस्वेस्टसको | ३७५।- |
| ६ | सिमेन्ट जोडाईमा ईट्टा वा ढुंगाको गारो —टाएलको छाना । | २७५।- |

ग) भौतिक संरचनाको हस कट्टि दर (घट्दो दर) नक्सापास प्रमाणपत्रको आधारमा निम्न अनुसार गर्ने

| संरचनाको आयु | आरसिसी / स्टील फ्रेम स्ट्रक्चर बाट बनेको घर | सिमेन्ट जोडाईमा ईटा वा ढुगााको गारो आरसिसी र आरबीसी छाना | माटो जोडाईमा ईटा वा ढुगाको गारो आरसिसी र आरबीसी छाना | सिमेन्ट जोडाईमा ईटा वा ढुंगाको जस्ता र एस्वेस्टसको छाना | माटो जोडाईमा ईटा वा ढुंगाको गारो जस्ता र एस्वेस्टसको छाना | सिमेन्ट जोडाईमा ईटा वा ढुंगाको गारो टायलको छाना |
|---|---|---|---|---|---|---|
| १-५ वर्ष सम्म | - | - | - | - | - | - |
| ६-१५ वर्ष सम्म | - | - | १० | १० | १० | १५ |
| १६-२५ वर्ष सम्म | १० | १० | १५ | २० | २० | २० |
| २६-३५ वर्ष सम्म | १० | २० | २० | २० | २० | मुल्यांकन नगर्ने |
| ३६ वर्षदेखि माथि | २० | २० | २० | मुल्यांकन नगर्ने | मुल्यांकन नगर्ने | मुल्यांकन नगर्ने |

# अनुसूची - २

## मालपोत कर

नेपालगञ्ज उपमहानगरपालिकामा आ.व.२०७५-७६ को श्रावण १ गतेबाट सवै वडाहरुमा एकिकृत सम्पत्ती कर लागु भईसकेकोले मालपोत कर नलगाउने तर विगत आ.व.हरुको बक्यौता रकम भने असुल उपर गरिनेछ।

# अनुसूची - ३
## घर जग्गा बहाल कर
### १.उपमहानगरपालिकाले निर्धारण न्यूनतम दररेट तथा मापदण्डः

| क्र.स. | स्थानको नाम | व्यवसायिक प्रतिसटर/ प्रतिकोठा (मासिक) रु. |
|---|---|---|
| | रत्न राजमार्ग क्षेत्र | |
| १. | जमुनाहा देखि ट्राफिक चोकसम्म | ५०००।- |
| २. | ट्राफिक चोक देखि विद्युत प्राधिकरण जाने आदर्शनगर सम्म चोक सम्म) | ३५००।- |
| ३. | विद्यूत जाने आदर्शनगर चोकदेखि गणेशमान चोकसम्म | ६५००।- |
| ४. | गणेशमान चोक देखि विपी चोकसम्म | १००००।- |
| ५. | विपी चोकदेखि गुल्म सम्म | १३०००।- |
| ६. | गुल्मदेखि कारकाँदो चोकसम्म | १२०००।- |
| ७. | कारकादो चोकदेखि नेपालगञ्जको उत्तर सिमानासम्म | १००००।- |
| | ट्राफिक चोकदेखि बसपार्क जाने हुलाकी राजमार्ग सम्मको मार्ग क्षेत्र | |
| ८. | ट्राफिक चोकदेखि विद्यूत प्राधिकरणसम्म | ६०००।- |
| ९. | विद्यूत प्राधिकरणदेखि मालपोत सम्म | ८०००।- |
| १०. | मालपोतदेखि नगरभवन सम्म | १००००।- |
| ११. | नगरभवनदेखि त्रिभूवनचोक सम्म | १२०००।- |
| १२. | त्रिभूवनचोक देखि त्रिवेणीमोडहुदै सेतु विक चोक सम्म | १५०००।- |
| १३. | सेतु विक चोक देखि बसपार्क जाने हुलाकी राजमार्गसम्म | ११०००।- |
| | उप-महानगरपालिकाको अन्य क्षेत्र | |
| १४. | गणेशमान चोक देखि चारवाहिनी सम्म | १००००।- |
| १५. | गणेशमान चोकदेखि भित्र जेलरोड हुदै पासाङ्गल्हामु मार्गसम्म | ६०००।- |
| १६. | गणेशमानचोक देखि प्रभात बोर्डिङ्गसम्म | ८०००।- |
| १७. | प्रभातबोर्डिङ्ग देखि इदगाहसम्म | ६०००।- |
| १८. | इदगाह देखि परसपुरचोकसम्म | ५०००।- |
| १९. | चारवाहिनी चोकदेखि यातायात कार्यालय सम्म | ६०००।- |

| | | |
|---|---|---|
| २०. | मालपोत देखि भित्र बाँके बगिया क्षेत्र | ६०००।- |
| २१. | कुसुम पेट्रोलपम्प देखि भेरी प्राविधिक गेट | ६०००।- |
| २२. | पासाङ्ग ल्हामु मार्ग(सुर्खेत रोड देखि खेतानको घर सम्म) | ६०००।- |
| २३. | विपि चोकदेखि त्रिभुवन चोकसम्म | १००००।- |
| २४. | विपि चोकदेखि पश्चिम मुक्तिपुरसम्म | ६०००।- |
| २५. | नर्सिङ्ग होम उत्तरको बाटो देखि पश्चिम कोरियनपूर क्षेत्र | ८०००।- |
| २६. | त्रिभुवनचोक देखि रानीतलाउ क्षेत्र | १२०००।- |
| २७. | सुर्खेत रोड भगवतिको घरदेखि पूर्व पुरानो सृष्टिहल सम्म | ६०००।- |
| २८. | गुरुद्वारादेखि पुर्व फलमण्डि हुदै सुनारमण्डि सदरलाइनसम्म | ६०००।- |
| २९. | आर. एन. ए. सी पूर्व घरबारी टोलसम्म | ९०००।- |
| ३०. | प्रदिप जनरल स्टोर (पुरोनो) देखि पाचु वनियाको घरसम्म | १००००।- |
| ३१. | नन्दलाल वैश्यको घरदेखि गुल्मण्डि सम्म | ६०००।- |
| ३२. | त्रिवेणी मोडदेखि वडा प्रहरी कार्यालयसम्म (राप्ति पथ) | ८०००।- |
| ३३. | वडा प्रहरी देखि फुल्टेक्रा चोक सम्म | ६०००।- |
| ३४. | यातायात बाँके गाउ देखि फुल्टेका राप्ती पथसम्म | ४०००।- |
| ३५. | फुल्टेका चोक उत्तर नहरपूर्वा हुदै कान्तिताल चोक सम्म | ४०००।- |
| ३६. | रानीतलाउ देखि एम.पी. स्कुलहुँदै वडा प्रहरी कार्यालयसम्म | ४०००।- |
| ३७. | धम्बोझी चोक घरबारी टोलहुदै त्रिवेण चोकसम्म | १४०००।- |
| ३८. | भानुभक्त चोकदेखि पश्चिम घरबारी टोलसम्म | ८०००।- |
| ३९. | सेतुबिक चोकदेखि पश्चिम रत्न रागमार्गसम्म | १००००।- |
| ४०. | सेतु विक चोकदेखि बाइपाससम्म | ६०००।- |
| ४१. | सल्यानीबाग हुदै हुलाकी सडकसम्म(वाइपास रोड) | ६०००।- |
| ४२. | धम्बोझी चोकदेखि पश्चिम डेन्टल अस्पतालसम्म | ८०००।- |
| ४३. | डेन्टल अस्पतालदेखि नन्दनिमिल (सिमानासम्म) | ५०००।- |
| ४४. | शिवमन्दिर देखि वडा नं १ को कार्यालय जाने बाटो (गुल्म बाट आएको)सम्म | ४०००।- |
| ४५ | विशालचोक वडा नं १ र १८ को क्षेत्र | ५०००।- |
| ४६ | नन्दनि मिल देखि कारकाँदो चोकसम्मको सडक | ५०००।- |
| ४७. | कारकाँदो चोकदेखि राधाकृष्ण मन्दिरहुदै वाइपास बसपार्क जाने हुलाकी राजमार्ग सम्मको सडक | ६०००।- |

| | | |
|---|---|---|
| ४८. | कारकादो राधाकृष्ण मन्दिरहुँदै लग्दहवा चोक सम्मको सडक | ५०००।- |
| ४९. | पुष्पलालचोक देखि पूर्व विद्यूत प्राधिकरणसम्मको रापि राजमार्ग | ८०००।- |
| ५०. | विद्युत प्राधिकरण देखि पुरैनी कान्तिताल चोकसम्म रापि राजमार्ग | ५०००।- |
| ५१. | कान्तिताल चोकदेखि २२ नं वडा कार्यालय हुँदै डुडुवा सिमाना सम्मको हुलाकी राजमार्ग | ४०००।- |
| ५२. | राझा चोकदेखि आयल निगम सम्म | ६०००।- |
| ५३. | भुजइगाँउ चोकदेखि पूर्व ६ कुने चोकसम्म | ४०००।- |
| ५४. | माथि उल्लेख नभएको साविक नेपालगञ्ज न.पा. को वडा नं. १-१२ को पक्की सडकमा पर्ने सम्पूर्ण क्षेत्र | ३०००।- |
| ५५. | माथि उल्लेख नभएको साविक नेपालगञ्ज न.पा. को वडा नं. १-१२ ग्राभेल एवम् कच्ची सडकमा पर्ने सम्पूर्ण क्षेत्र | २५००।- |
| ५६. | माथि उल्लेख नभएको साविक गाविस रहेका हालको वडा नं. १३-२३ पक्की सडकमा पर्ने सम्पूर्ण क्षेत्र | २०००।- |
| ५७ | माथि उल्लेख नभएको साविक गाविस रहेका हालको वडा नं. १३-२३ ग्राभेल एवम् कच्ची सडकमा पर्ने सम्पूर्ण क्षेत्र | १८००।- |
| ५८ | कहारन/भट्टिटोल क्षेत्र | ६०००।- |

(२) व्यापारिक/व्यवसायिक बहाल प्रयोजनको दरलाई १०० वर्ग फिट सम्मको क्षेत्रफल भएको कोठालाई आधार मान्ने तथा १०० वर्ग फिट भन्दा बढि क्षेत्रफल भएमा जतिले बढि छ सो क्षेत्रफललाई उल्लेखित दरको प्रति वर्गफिटको ४०% का दरले हिसाब गरि कर लाग्नेछ ।

(३) पछाडिको कोठाहरुको लागि उल्लेखित बहाल दरको ४०% का दरले बहाल लाग्नेछ ।

(४) माथिल्लो तला अगाडी कोठाहरुको लागी तोकिएको भाडा दरको ४०% का दरले भाडा लिने ।

(५) माथिल्लो तला पछाडी कोठाहरुको लागी तोकिएको भाडा दरको ३०% का दरले भाडा लिने ।

(६) माथिल्लो तलामा ३००० वर्ग फिट भन्दा बढी एकमुष्ठ बहालमा लगाउदा प्रति वर्ग फुट न्यूनतम रु.२०/- भाडा लाग्नेछ।

(७) पक्की संरचना बाहेकका छप्पर, टहरा आदिको हकमा उल्लेखित भाडा दरको ३०% का दरले भाडा लाग्नेछ ।

(८) बहाल कर दाखिलाका लागि वडाको घर वा जग्गा बहाल कर प्रमाणित, सम्पत्ति कर तिरेको रसिद, लिने र दिने व्यक्तिको नागरिकता, बहाल सम्झौता अनिवार्य पेश गर्नुपर्नेछ ।

(९) न्यूनतम बहाल दर भन्दा बढी बहाल लिएको अबस्थामा बहाल सम्झौता अनुसार हुनेछ ।

(१०) नियमित बहालमा लगाएको बाहेक आयस्रोत, बैंक प्रयोजनका लागि बहालकर दाखिला गर्नेलाई न्यूनतम ३ (तिन) महिनाको बहाल कर लाग्नेछ ।

## ३. आवासीय घर बहाल करको दर

२.१ व्यावसायिक/व्यापारिक प्रयोजन बाहेक बसोबासको लागि नेपालगञ्ज उपमहानगरपालिकाको क्षेत्र मध्ये साविकका गाँउ विकास समिति हाल वडा नं. १३ देखि २३ वडाको क्षेत्रलाई समान रुपमा प्रतिकोठा (१०० वर्ग फिट) न्यूनतम रु १५००।- (अक्षेरुपी एक हजार पाँच सय मात्र) ।

२.२ व्यवसायिक/व्यापारिक प्रयोजन बाहेक बसोबासको लागि साविक नेपालगञ्ज नगरपालिका हाल वडा नं. १ देखि १२ सम्मको क्षेत्रमा प्रतिकोठा (१०० व.फि.)को न्यूनतम रु ३०००।(अक्षेरुपी तिन हजार)

२.३ फ्ल्याटको हकमा उल्लेखित दरमा नघट्ने गरि सम्झौता बमोजिम हुनेछ। फ्ल्याटको हकमा सम्झौतापत्र अनिवार्य पेश गर्नुपर्नेछ।

## ४. नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रमा रहेको जग्गा लिज दरः

| क्र.स. | सडकसँग जोडिएको जग्गाको क्षेत्र (व्यवसायिक प्रयोजन) | मासिक दर (प्रतिकठ्ठा) |
|---|---|---|
| १. | जमुनाहा देखि वीपी चोक सम्म | २५००।- |
| २. | वीपी चोक देखि राझा सम्म | ३२००।- |
| ३. | राझा देखि उत्तर वडा नं २० को सिमाना सम्म | ३०००।- |
| ४. | वडा नं. १,१८,१९ र २० को भित्री भागको क्षेत्र | १२००।- |

| | | |
|---|---|---|
| ५. | वडा नं. ४,५,६,२१ र २२ मा पर्ने क्षेत्र | १०००।- |
| ६. | वडा नं.२,३,७,८,९,१०,११ र १२ मा पर्ने क्षेत्र | ९००।- |
| ७. | वडा नं. १३,१४,१५,१६ र १७ मा पर्ने क्षेत्र | ८००।- |
| ८. | वडा नं. २३ मा पर्ने क्षेत्र | ५००।- |
| क्र.स. | जग्गाको क्षेत्र (कृषि प्रयोजन) | बार्षिक दर (प्रतिकठ्ठा) |
| १. | नेपालगञ्ज उपमहानगरपालिका वडा नं.१ देखि १२ सम्म | २०००।- |
| २. | नेपालगञ्ज उपमहानगरपालिका वडा नं.१३ देखि २३ सम्म | १५००।- |

पुनश्च माथि उल्लेखित तिनै (३) प्रकारका बहाल करको लागि करदाताले कोठा/जग्गाको विवरण सहित क्षेत्रफलको स्वघोषणा गर्नुपर्नेछ।

# अनुसूची - ४

## व्यवसाय कर

| क्र.स. | करका शीर्षकहरु | करका दर (रू.) |
|---|---|---|
| १ | **होटल, रेष्टुरेन्ट, लज क्यासिनो तथा मनोरञ्जन स्थल** | |
| | १ तारे होटललाई | १६५००।- |
| | २ तारे होटललाई | २७५००।- |
| | ३ तारे होटललाई | ५५०००।- |
| | ४ तारे होटललाई | ८२५००।- |
| | ५ तारे होटल वा सो भन्दा माथी | ११००००।- |
| | होटल (खाने बस्ने एयर कन्डीसनर भएको) | १००००।- |
| | होटल (खाने बस्ने एयर कन्डीसनर नभएको) | ५०००।- |
| | रेष्टुरेण्ट | ३५००।- |
| | मदिरा विक्री नगर्ने होटललाई | ३०००।- |
| | क्यासिनो बार्षिक | २०००००।- |
| | मिनी क्यासिनो बार्षिक | १०००००।- |
| | फन पार्क, फिटनेस सेन्टर, जिम हाउस, | ५०००।- |
| | डिस्को, डान्सबार, दोहोरी साँझ, स्पा, मसाज सेन्टर | १००००।- |
| | क्याफे | ३०००।- |
| | गेष्टहाउस रुम मात्र भएको | ५०००।- |
| | जुम्बा | ५०००।- |
| | स्वीमिङ्ग पुल | ५०००।- |
| | खाजा पसल- फास्ट फुड | २०००।- |
| | खाजा पसल- बिर्यानी, चिकेन फ्राई | २५००।- |
| | ससेज उत्पादन | २०००।- |
| | पानीपुरी, चटपटे पसल | १५००।- |
| | **हस्पिटालिटि म्यानेजमेन्ट** | |
| | १ तारे होटल | १००००।- |
| | २ तारे होटल | २००००।- |

| | | |
|---|---|---|
| | ३ तारे होटल | ३००००।- |
| | ४ तारे होटल | ४००००।- |
| | ५ तारे होटल | ५००००।- |
| २ | **चलचित्र** | |
| | चलचित्र मन्दिर सिनेमा हल साधारण | ३५००।- |
| | आधुनिक सिनेमा हल | १२०००।- |
| ३ | **मिठाई पसल** | |
| | उच्च सुविधायुक्त एसि भएको | ६०००।- |
| | मिठाई र अन्य खाजा समेत | २५००।- |
| | खाजा पसल- चिया र कफी मात्र | १५००।- |
| ४ | **पुल हाउस तथा स्नुकर** | २५००।- |
| | फुटसल, स्केट | ३०००।- |
| | खेलकुद सामाग्री | ३०००।- |
| | चार्जर स्टेशन | ३०००।- |
| | साङ्गितिक सामाग्री | ३०००।- |
| | वाटर फिल्टर र सो सँग सम्बन्धीत सामाग्री | ५०००।- |
| | **मासु तथा माछा पसल** | |
| | खसी, कुखुरा, बंगुर, राँगा तथा माछा | २०००।- |
| | माछा मासु उद्योग | १२०००।- |
| | सुविधाजनक एसि भएको ठूला मिटमार्ट | ५०००।- |
| | अण्डा थोक बिक्रेता | २५००।- |
| | छाला संकलन | २०००।- |
| ५ | **कृषि तथा पशुपंक्षिजन्य फर्म** | |
| | कृषि तर्फ | ३०००।- |
| | पशुपंक्षिजन्यतर्फ | ३०००।- |
| | खरिद बिक्री मात्र | ३०००।- |
| | दुधको बिक्री केन्द्र | २०००।- |
| | मासु प्याकेजिङ | ५०००।- |

| | | |
|---|---|---|
| ६ | **फलफुल तथा तरकारी पसल** | |
| | थोक फलफुलमा | ३०००।- |
| | खुद्रा फलफुल र फलफुल जुश | २५००।- |
| | तरकारी थोक बिक्रेता | २५००।- |
| | उखुको रस | २५००।- |
| ७ | **सुन चाँदी पसल** | |
| | थोक पसल बनाउने समेत | १२०००।- |
| | थोक बिक्रेता | १००००।- |
| | खुद्रा बिक्रेता रेडिमेड | ५०००।- |
| | सुन चाँदीको गरगहना बनाउने कारिगर | ३०००।- |
| | रोलगोल्ड(नक्कली गहना पसल) | ३०००।- |
| ८ | **औषधी पसल** | |
| | **थोक श्रेणी** | |
| | सुपर डिष्ट्रिव्युटर्स नेपाल राज्यभर कारोवार गर्ने | २५०००।- |
| | क्षेत्रिय सुपर डिष्ट्रिव्युटर्स बुटवल महेन्द्रनगरसम्म कारोवार गर्ने | २००००।- |
| | थोक/खुद्रा यस क्षेत्रमा मात्र कारोवार गर्ने | १००००।- |
| | सर्जिकल पसल थोक | १२०००।- |
| | फुड सप्लिमेन्ट खुद्रा स्वास्थ्य | ५०००।- |
| | फुड सप्लिमेन्ट थोक स्वास्थ्य | १००००।- |
| | स्वास्थ्य सम्बन्धी औजार/उपकरण | १००००।- |
| | स्वास्थ्य सम्बन्धी औजार/उपकरण पार्टस | ६५००।- |
| | ल्याव/डाइग्नोस्टिक केमिकल खुद्रा | ५०००।- |
| | ल्याव/डाइग्नोस्टिक केमिकल थोक | १००००।- |
| | सेक्स खेलौना/कण्डम हाउस | ३०००।- |
| | **खुद्रा श्रेणि** | |
| | सामुदायिक फार्मेसी | २,०००।- |

| | | |
|---|---|---|
| | निजी फार्मेसी | ५,०००।- |
| | विशेषज्ञ चिकित्सक रहेको औषधि फार्मेसी | १५,०००।- |
| | चिकित्सक रहेको औषधि फार्मेसी | १०,०००।- |
| | हे.अ./अ.हे.व. रहेको औषधी पसल | ५,०००।- |
| | चिकित्सक(प्राइभेट क्लिनिक) | १०,०००।- |
| | सर्जिकल सामानको खुदा | १००००।- |
| ९ | **स्वास्थ्य तर्फ** | |
| | मेडिकल कलेज (शिक्षण अस्पताल) | २०००००।- |
| | १०० शैया वा सो भन्दा माथी जनरल अस्पताल | १५००००।- |
| | १०० शैया वा सो भन्दा माथी विशिष्टिकृत अस्पताल | २०००००।- |
| | ५० शैया सम्म को जनरल अस्पताल | १२५०००।- |
| | ५० शैया सम्म को विशिष्टिकृत अस्पताल | १५००००।- |
| | २५ शैया सम्मको जनरल अस्पताल | १०००००।- |
| | २५ शैया सम्मको विशिष्टिकृत अस्पताल | १२५०००।- |
| | १५ शैया सम्मको जनरल अस्पताल | ५००००।- |
| | १५ शैया सम्मको विशिष्टिकृत अस्पताल | ७५०००।- |
| | अन्य सामुदायिक अस्पताल | २५०००।- |
| | डाइग्नोस्टिक सेन्टर (ल्याब प्याथोलोजी, एक्सरे, अल्ट्रा साउण्ड, सिटी स्क्यान र MRI समेत भएकोलाई) | २५०००।- |
| | डाइग्नोस्टिक सेन्टर (D ग्रेड र E ग्रेड ल्याब प्याथोलोजी र एक्सरे भएको) | १००००।- |
| | A ग्रेड ल्याब | ३००००।- |
| | B ग्रेड ल्याब | २००००।- |
| | C ग्रेड ल्याब | १५०००।- |
| | D ग्रेड ल्याब | ५०००।- |
| | E ग्रेड ल्याब | ३०००।- |
| | एक्सरे मात्र भएकोलाई | ५०००।- |
| | सिटी स्क्यान मात्र भएकोलाई | १२०००।- |

| | | |
|---|---|---|
| | MRI मात्र भएकोलाई | १५०००।- |
| | अल्ट्रा साउण्ड मात्र भएको | १००००।- |
| | चश्मा पसललाई | २०००।- |
| | दाँत बनाउने पसललाई | २०००।- |
| | होमीयो पैथीक पसललाई | २०००।- |
| | अक्कु पञ्चर उपचार केन्द्रलाई | २०००।- |
| | आयुर्वेदिक खुद्रा औषधी पसल | ५०००।- |
| | आयुर्वेदिक क्लिनिक | ५०००।- |
| | पुर्वकर्म पञ्चकर्म क्षारसुत्र लगायत सेवा दिने आयुर्वेद संस्था | ५०००।- |
| | पोलिक्लिनिक | ८०००।- |
| | डेण्टल क्लिनिक | ८०००।- |
| | आयुर्वेदिक पसल—डिलर | १००००।- |
| | फिजियो थेरापी सेन्टर | ५०००।- |
| | स्वास्थ्य स्याहार केन्द्र/ हेल्थ डे केयर सेन्टर | १००००।- |
| १० | **एग्रोभेट** | |
| | एग्रोभेट थोक पसललाई | २५००।- |
| | एग्रोभेट खुद्रा पसललाई | १०००।- |
| | हसिया, कुटो कृषि सामाग्री | ३०००।- |
| | कृषि, यन्त्र उपकरण | ५०००।- |
| | भेटेनरी उपचार सेवा | २५००।- |
| | भेटेनरी सामान | २५००।- |
| ११ | **तम्बाकु एवं सुर्तिजन्य पसल** | |
| | तम्बाकु पसल उत्पादक सुर्तिजन्य गुठ्खा समेत | १००००।- |
| | सुर्तिजन्य पदार्थ थोक बिक्रेता | ८५००।- |
| | तम्बाकु पसल खुद्रा सूतिजन्य पदार्थ (पान पसल समेत) | ५०००।- |
| १२ | **धोबी पसल** | |
| | ड्राई क्लिनर्स | १५००।- |

| | | |
|---|---|---|
| १३ | **सिलाई पसल** | |
| | २ देखि ४ सम्म सिलाई मेसीन भएकोलाई | २०००।- |
| | ५ देखि ८ सिलाई मेसीन भएकोलाई | ३०००।- |
| | ८ भन्दा धेरै सिलाई मेसिन भएकोलाई | ५०००।- |
| | सुटिङ्ग सटिङ्ग समेत भएकोलाई | १००००।- |
| | बुटिक पसल | ५०००।- |
| १४ | **सैलुन तथा ब्युटीपार्लर** | |
| | १ सिट लाई | ५००।- |
| | २ देखि ५ सिट सम्म | २०००।- |
| | ५ सिट भन्दा माथि | ४०००।- |
| | ट्रेनिडसेन्टर समेत भएमा थप रु.१०००। लाग्नेछ । | |
| | कस्मेटिक पसल | २५००।- |
| | ट्याटु हान्ने पसल | २५००।- |
| | कस्मेटिक सामानको थोक | ५०००।- |
| | सिलाइ मेसिन बिक्रेता | ३०००।- |
| १५ | **इलेक्ट्रोनिक्स** | |
| | इलेक्ट्रोनिक्स खुद्रा | ३०००।- |
| | इलेक्ट्रोनिक्स थोक | ५०००।- |
| | इलेक्ट्रोनिक्स थोक र खुद्रा दुवै | ७०००।- |
| | मोवाइल डिलर | ५०००।- |
| | मोवाइल खुद्रा | ३०००।- |
| | मोवाइल थोक र खुद्रा दुवै | ६०००।- |
| | इलेक्ट्रिीकल सामान मर्मत गर्ने पसल | २०००।- |
| | मोबाइल एसोसेरिज | १०००।- |
| | एसि, फ्रिज, कुलर बिक्रेता | ३०००।- |
| | इलेक्ट्रिकल सामाग्री | ३०००।- |
| | मोबाइल मर्मत | २५००।- |

| | | |
|---|---|---|
| १६ | **घ वर्गको निर्माण व्यवसायी सम्बन्धिः** | |
| | ईजाजतपत्र दस्तुर | ५००००।- |
| | नविकरण दस्तुर(आ.व.समाप्त पछि पौष मसान्त सम्म | ५०००।- |
| | नविकरण दस्तुर (आ.व.समाप्त पछि असार मसान्त सम्म | १००००।- |
| | माथि उल्लेखित नविकरण अवधि समाप्त भएपछि थप प्रतिवर्ष | १००००।- |
| | ठाँउसारी (अन्तरजिल्ला) | १५०००।- |
| | ठाँउसारी अन्तरपालिका | १००००।- |
| | ईजाजतपत्र प्रतिलिपी दस्तुर | ५०००।- |
| | ईजाजतपत्र नामसारी दस्तुर (एकाघर सँगोलमा) | ७५००।- |
| | ईजाजतपत्र नामसारी दस्तुर (एकाघर सँगोल बाहेक) | ४००००।- |
| १७ | **निर्माण ब्यवसायीः** | |
| | ग वर्गलाई | ४५००।- |
| | ख वर्गलाई | ७५००।- |
| | क वर्गलाई | १५०००।- |
| १८ | **हवाई सेवा** | |
| | हवाई उडान गर्ने एयर लाईन्सलाई बार्षिक | १००००।- |
| | प्रत्येक ट्राबल्स एजेन्सीलाई बार्षिक | २०००।- |
| | ने.गं.बिमानस्थल बाट उडान गर्ने प्रत्येक हबाई टिकटमा(सुगम) | १००।- |
| | ने.गं.बिमानस्थल बाट उडान गर्ने प्रत्येक हबाई टिकटमा (दुर्गम) | ५०।- |
| | हवाई कार्गो सर्विस | २०००।- |
| १९ | **कानून ब्यवसायी** | |
| | अधिबक्ताको प्रमाण पत्र लिई ब्यवसाय गरेको १० बर्ष | १०००।- |
| | अधिबक्ताको प्रमाण पत्र लिई ब्यवसाय गरेको २० बर्ष | २०००।- |
| | अधिबक्ताको प्रमाण पत्र लिई ब्यवसाय गरेको २० बर्ष भन्दा माथि | ३०००।- |
| | नोटरी पब्लिक सहितको कानूनी व्यवसायी | २०००।- |
| | नोटः सरकारी कर्मचारीहरुको अवकाश मिति देखि गणना | |

| | | |
|---|---|---|
| २० | **बितिय सेवा तर्फः** | |
| | क. श्रेणी (वाणिज्य) | ३००००।- |
| | ख. श्रेणी (विकास) | २००००।- |
| | ग. श्रेणी (वित्तीय फाइनान्स) | १५०००।- |
| | सहकारी | ३०००।- |
| | लघुवित्त | ५०००।- |
| | बिमा कम्पनी | १००००।- |
| | विदेशी मुद्रा सटही काउण्टर वा मनिट्रान्सफर | २०००।- |
| | ईसेवा प्रा. लि. जस्ता अन्य समेत | ८०००।- |
| २१ | **जुत्ता चप्पल पसल :** | |
| | थोक विक्रेता | ५०००।- |
| | खुद्रा विक्रेता | २५००।- |
| | मेसिन बाट जुत्ता तयार गरी बिक्री गर्ने | १००००।- |
| | हातबाट जुत्ता, चप्पल बनाउने | ३५००।- |
| २२ | **हेभी तथा लाईट गाडी मोटर बिक्रि गर्ने** | |
| | चार पाङग्रे वा सो भन्दा माथि सवारी साधन | २००००।- |
| | मोटर साईकल स्कुटर बिक्री गर्ने पसललाई | १२०००।- |
| | साईकल रिक्सा ,अटो रिक्सा बिक्री गर्ने पसललाई | ५०००।- |
| | पम्प सेट, जेनेरेटर र मेशिनरी सरसामानहरु बिक्री गर्ने पसललाई | ५०००।- |
| २३ | **गाडी, रिक्सा, साईकलको पार्टस विक्रि पसल** | |
| | बस, ट्रक, टेक्टर, जिप, कार, टेम्पो आदि । | १००००।- |
| | मोटरसाईकल, स्कुटर | ५०००।- |
| | साईकल रिक्सा ,अटो रिक्सा | २५००।- |
| | अटो रिक्सा उद्योग | ८०००।- |
| | ठेला दर्ता | ५००।- |
| | ठेला नवीकरण | ५००।- |
| २४ | **टायर (रिसोलिङ्ग, मर्मत) तथा मोविल** | |
| | टायरको थोक बिक्रेता | ५५००।- |

| | | |
|---|---|---|
| | टायरको खुद्रा विक्रेता | २०००।- |
| | रिसोलिङ्ग तथा मर्मत | ५०००।- |
| | सिट हुट बनाउने पसल | १०००।- |
| | लेथ वेल्डिङ्ग भएको पसल | १०००।- |
| | मोविल आयल डिलर बिक्रेता | २०००।- |
| | मोविल आयल खुद्रा बिक्रेता | १०००।- |
| २५ | **गाडी मर्मत** | |
| | बस ट्रकको बडी बनाउने कारखाना | ५०००।- |
| | हेभी गाडी, लाईट गाडी तथा मेशनरी मर्मत, मर्मत सेन्टर | ३५००।- |
| | ब्याट्री विक्रि तथा मर्मत कारखाना तथा पसल | ५०००।- |
| | मोटर साईकल मर्मत | २५००।- |
| | साइकल बनाउने पसल | १०००।- |
| | सवारी साधन वासिङ्ग | १५००।- |
| २६ | **कबाडी पसल** | |
| | ठुला पसल | १००००।- |
| | साधारण पसल | ५०००।- |
| | डिस्पोजेबल सामाग्री बिक्रि | ३०००।- |
| २७ | **एजेन्सी तथा थोक बिक्रेता पसल** | |
| | चुरोटको डिलर | १२०००।- |
| | पेट्रोल पम्प | १००००।- |
| | प्लाष्टिक डिलर | ६०००।- |
| | चाउचाउ डिलर | ५०००।- |
| | साबुन डिलर | ३०००।- |
| | ग्याँस सिलिन्डर डिलर | २५००।- |
| | कोईला डिलर | १०००।- |
| | मट्टितेल डिलर | १०००।- |
| | ग्याँस उद्योग | १००००।- |

| | | |
|---|---|---|
| २८ | **मादक तथा अन्य पेय पदार्थ** | |
| | राष्ट्रिय स्तर (राज्यभर) का डिस्ट्रीव्युटर्स | १२०००।- |
| | क्षेत्रिय स्तरका डिस्ट्रीव्युटर्स | ८०००।- |
| | जिल्ला स्तरका डिस्ट्रीव्युटर्स | ६०००।- |
| | थोक विक्रेता | ५०००।- |
| | खुद्रा विक्रेता | २०००।- |
| | मदिरा बाहेकको पेय पदार्थ बेच्ने पसल | ४०००।- |
| २९ | **टेन्ट हाउस** | |
| | क्याटरिङ्ग सहितको टेन्ट हाउस पसल | ५०००।- |
| | टेन्ट हाउस मात्र | १५००।- |
| | माईक बिजुली डेकोरेसन, बैण्ड बाजा पसल | १०००।- |
| | टेन्ट उद्योग (सामाग्री बनाउने) | ३०००।- |
| | साधारण व्याण्ड बाजा | २०००।- |
| | बग्गी डिजे सहितको व्याण्ड बाजा | ३०००।- |
| | कुनै शुभकार्यका लागि सार्वजनिक तथा सडक क्षेत्रमा टेन्ट लगाउनु पर्ने भएमा उपमहानगरपालिका द्वारा पूर्व स्वीकृती लिई आवागमनमा अवरोध नहुने गरी मात्र टेन्ट लगाउनु पर्ने छ ।) | |
| ३० | **कलरल्याब तथा फोटो स्टुडियो** | |
| | कलरल्याब | ४०००।- |
| | फोटो स्टुडियो | २५००।- |
| | फ्रेम हाउस | १०००।- |
| ३१ | **इन्स्टिच्युट, प्रतिष्ठान तथा तालिम केन्द्र** | |
| | मेन ईन्टरनेट व्यवसायी - | १००००।- |
| | सर्वर राख्ने इमेल इन्टरनेटका व्यवसायीहरु | ३०००।- |
| | कम्प्यूटर तथा पार्टस थोक विक्रेता | ५०००।- |
| | कम्प्यूटर खुद्रा विक्रेता | २०००।- |
| | कम्प्युटर प्रशिक्षण केन्द्र र भाषा प्रक्षिण ट्युसन इन्स्टिच्युट, सिपमुलक तालीम, नुत्य प्रशिक्षण | ३५००।- |
| | फोटोकपी, लेमिलेसन, अनलाइन फर्म भर्ने | २५००।- |

| | | |
|---|---|---|
| | सवारी चालक तालिम | २५००।- |
| | केवल नेटवर्क सर्भिस | ५०००।- |
| | अनलाईन व्यवसायी | १५००।- |
| | रिचार्ज र सिम बेच्ने पसल | २०००।- |
| | अनलाइन सफ्टवेयर | ३०००।- |
| **३२** | **निजी क्षेत्रका विद्यालय** | |
| | क बर्ग | १५०००।- |
| | ख बर्ग | १००००।- |
| | ग बर्ग | ५०००।- |
| | मन्टेश्वरी | ३०००।- |
| | सी.टी.भि.टी तथा बिश्व बिधालयबाट स्वीकृती लि बिभिन्न कार्यक्रम संचालन गर्ने कलेज बिश्व बिधालयलाई | |
| | १.प्राबिधिक शिक्षालय तर्फ | १५०००। - |
| | २.साधारण तर्फ | १००००। - |
| | होस्टल (५० जना भन्दा कम विद्यार्थी) | ३०००।- |
| | हास्टेल (५० जना भन्दा बढी विद्यार्थी) | ५०००।- |
| **३३** | **छापाखाना अफसेट प्रिन्टिङ्ग प्रेस :** | |
| | फ्लेक्स प्रिन्टलाई | ६०००।- |
| | छापाखाना तथा अफसेट सबै भएको | ३०००।- |
| | हातले लेखाई गर्ने बाट | १०००। - |
| | पत्रिकामात्र प्रकाशन गर्ने प्रकाशक | १०००। - |
| | संकेत तथा बिज्ञापन प्रदर्शन सामाग्रीहरुको बिक्रेता | ३०००।- |
| **३४** | **ट्रान्सपोर्ट तथा यातायात** | |
| | ट्रान्सपोर्ट व्यबसाय | ६०००।- |
| | यातायात ब्यवसाय | ३०००।- |
| | मालसामान ढुवानी | ६०००।- |
| | राइड शेयरिङ्ग | ६०००।- |
| | अन्तरदेशीय आयात/निर्यात | ०.२० प्रतिशत (पूँजीको) |

| | | |
|---|---|---|
| | सवारी भाडामा लगाउने (मोटरसाइकल) | २०००।- |
| | पार्किङ्ग व्यबसाय | ५०००।- |
| **३५** | **कपडा तथा फेन्सी पसल** | |
| | काँचो कपडाको थोक बिक्रेतालाई | ७०००।- |
| | काँचो कपडाको खुद्रा बिक्रेतालाई | ३५००।- |
| | रेडिमेड कपडाको थोक बिक्रेतालाई | ६०००।- |
| | रेडिमेट कपडाको खुद्रा बिक्रेतालाई | ३०००।- |
| | काँचो र खुद्रा दुबै कपडाको बिक्रेतालाई | ८०००।- |
| | व्याग, बेल्ट पसल | २५००।- |
| **३६** | **स्टेशनरी तथा पुस्तक पसल** | |
| | स्टेशनरी तथा पुस्तक पसल खुद्रा | २५००।- |
| | स्टेशनरी तथा पुस्तक पसल थोक | ४०००।- |
| | कापी किताब उद्योग | ५०००।- |
| | व्यवसायको एकै प्रकृति अनुसारको सामाग्री सप्लायर्स | ६०००।- |
| | कापी मात्र | ५००।- |
| | किताब मात्र | १०००।- |
| **३७** | **गल्ला, किराना तथा बिसात खाना :** | |
| | गल्ला तथा खाद्यान्न थोक बिक्रेता | ५०००।- |
| | गल्ला तथा खाद्यान्न खुद्रा बिक्रेता | २५००।- |
| | चुडि पोतेको थोक बिक्रेता | ३०००।- |
| | चुडि पोतेको खुद्रा बिक्रेता | १५००। - |
| | धागो, चैन, टाक इत्यादी बेच्ने पसल | १५००। - |
| | अन्य खुद्रा बिक्रि पसल | १५००। - |
| | पुजा सामाग्री विक्रि | २०००।- |
| | होम डेलिभेरी फुड | २०००। - |
| | होम डेकोरेसन सामाग्री | ३०००।- |
| **३८** | **तरकारी पसल** | |
| | फुटकर पसल | ५००।- |

| | | |
|---|---|---|
| ३९ | **हार्डवेयर पसल** | |
| | हार्डवेयर पसल | १००००।- |
| | हार्डवेयर (सरिया, सिमेन्ट, सिसा, किल्ला काँटी कब्जा) | ४०००।- |
| | सटरिङ तथा फर्मा | १०००।- |
| | ग्रिल पसल साधारण | ३०००।- |
| | ग्रिल उद्योग | ५५००।- |
| | मेटलको झयाल ढोका | ३०००।- |
| | मेजरिङ्ग हार्डवेयर उपकरण बिक्रेता | ३०००।- |
| | आरन फलामको औजार निर्माण र मर्मत एंव धार लगाउने | १५००।- |
| | आपतकालिन तथा विपत व्यबस्थापन सामाग्री | ३०००।- |
| | आल्मुनियम, जिप्सन र युपीभिसीको बिक्रेता | ४०००।- |
| ४० | **डिपार्टमेन्टल स्टोर/मार्ट/सुपरमार्केट/भाडा पसल** | |
| | चेन सहितको अत्याधुनिक सुविधायुक्त सुपरमार्केट | २५०००।- |
| | डिपार्टमेन्टल स्टोर/मार्ट एक तलाको लागि | १००००।- |
| | डिपार्टमेन्टल स्टोर/मार्ट एक तला भन्दा बढिको लागि एकमुष्ट | १५०००।- |
| | भाँडाको सो रुम | ७५००।- |
| | भाँडा बेच्ने पसल | २०००।- |
| | फलामे पसल | १०००।- |
| | फलाम मात्र बेच्ने पसल | २०००।- |
| ४१ | **पशु आहार** | |
| | उद्योग तर्फ | ७५००।- |
| | खुद्रा बिक्रेतालाई | २०००।- |
| ४२ | **लेखा परिक्षक कम्पनीलाई** | २०००।- |
| | **लेखा परीक्षक** | |
| | क श्रेणी लाई | ५०००।- |
| | ख श्रेणीलाई | २०००।- |
| | ग/घ श्रेणीलाई | १०००।- |
| | लेखा परामर्श सेवा | ५०००।- |
| | परामर्श सेवा | २०००।- |

| | | |
|---|---|---|
| | लेखापढी व्यबसायी | २०००।- |
| | भु-सेवा केन्द्र | ३०००।- |
| | ब्रोकर कम्पनि शेयर कारोबार | ८०००।- |
| **४३** | **संचार सेवा** | |
| | पि.सि.ओ. ,फ्याक्स सेवा, एस.टि. डि., आइ.एस.टि.डि., लोकललाई | ५००।- |
| | इमेल,इन्टरनेट,फोटोकपी भएकालाई थप | ५००।- |
| | टेलिकम्युनिकेशन सम्बन्धि थोक बिक्रेता | ५०००।- |
| | कुरीयर सेवा | ५००।- |
| **४४** | **गैरसरकारी संस्था** | |
| | पेशा/सेवा शुल्क (नाफामूलक भएमा) | १०००।- |
| | अन्यत्र प्रधान कार्यालय भई यस उपमनपामा शाखा विस्तार सिफारिश | ५००।- |
| | परियोजना सञ्चालन पूर्व सहमती सिफारिस | ५००।- |
| **४५** | **कन्सल्टेन्सी सेवा** | |
| | कन्सल्टेन्सी, इन्जीनियर, प्राविधिक सेवा(ब्यवसाय दर्ता) | २०००।- |
| | नक्शापास अनुमती दर्ता प्रमाणपत्र | ५५००।- |
| | ई–रिक्सा ब्लुबुक प्रतिलिपी | १००।- |
| | भन्सार एजेन्ट | २०००।- |
| | सिभिल ल्याब | ४०००।- |
| | जनशक्ति सप्लाई गर्ने व्यबसाय | ५०००।- |
| | इ-रेन्टल एजेन्सी) घरभाडा खोजी तथा व्यबस्थापन गर्ने | ३०००।- |
| | इभेन्ट म्यानेजमेन्ट | ५०००।- |
| **४६** | **कंक्रिट उद्योग :** | |
| | हलोव्लक | ५०००।- |
| | ढुङ्गा, गिटी, बालुवा,कंक्रिट, हयुमपाइप | १५०००।- |
| | सेनेटरी प्याड उधोग | ५०००।- |
| | ईट्टा भट्टा दर्ता तथा नविकरण | २००००।- |
| | माटो, गिटी, बालुवा, सप्लायर्स | ७५००।- |

| | | |
|---|---|---|
| ४७ | प्लाष्टिक उद्योग : | १००००।- |
| ४८ | **पानी उद्योग** | ३०००।- |
| ४९ | **बिस्कुट तथा पाउरोटि उद्योग** | |
| | बिस्कुट पाउरोटि उद्योग | १५००।- |
| | चाउमिन उद्योग | ४०००।- |
| | जुस उद्योग | ६०००।- |
| ५० | **चकलेट उद्योग** | ५०००।- |
| ५१ | **अगरबत्ती तथा मोमबत्ती उद्योग** | १५००।- |
| ५२ | **कपडा तथा गारमेन्ट उद्योग** | |
| | कपडा उद्योग | १००००।- |
| | गारमेन्ट उद्योग | ५०००।- |
| ५३ | **फर्निचर उद्योग** | |
| | काठको फर्निचर उद्योग | १००००।- |
| | काठको फर्निचर खुद्रा | २५००।- |
| | स्टील फर्निचर उत्पादन तथा बिक्रि | ५०००।- |
| | स्टील काठ दुबै फर्निचर बिक्रि गर्ने | ४०००।- |
| | स्टील फर्निचर खुद्राबिक्रि गर्ने | २०००।- |
| | काठको फर्निचर | २५००।- |
| | बेतबाँसको फर्निचर.बिक्रि | १५००।- |
| | फोम तथा कार्पेट बिक्रि | ४०००।- |
